नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# भूमिसुधार तथा व्यवस्थापन विभाग

आर्थिक प्रशासन शाखा


महानिर्देशक: ४२२३०४९
पि.ए.म.नि. ४२२००२८
फ्याकस: ४२३०५८५
निर्देशक प्रशासन: ४२२५९८२
निर्देशक योजना: ४२२६९८८
प्र.ले.नि. ४२५०२४३
आ.प्र.शाखा ४२५०२४३
फ्याक्स आ.प्र शाखा ४२३९७८१
क.प्र.शाखा: ४२६६४९३
E-Mail:info@dolrm.gov.np
बबरमहल, काठमाडौं ।


पत्र संख्या:- ०७४।७५
चलानी नं.:- 2830

मिति:२०७५/०२/२९

विषयः- <u>कर समायोजन सम्बन्धमा</u> ।

श्री मालपोत कार्यालय,
सबै।

प्रस्तुत विषयमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको प.सं.०७४/०७५(१/३) लेखा च.नं.२६३० मिति ०७५/०१/३१ को यस विभागलाई प्रेषित बोधार्थ (अत्यन्त जरुरी) पत्रको छाँयाकपी आवश्यक कार्यार्थ यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

(हिरण्य प्रसाद पराजुली)
प्रमुख लेखा नियन्त्रक

नेपाल सरकार

# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

## आर्थिक प्रशासन शाखा

☎ ४२११६८३
Fax 977-1-4211683

सिंहदरवार, काठमाडौं

पत्र संख्या :- ०७१।७२ (१।३) लेखा
चलानी नं.:-
२६३०

मिति :- २०७५।०१।३१

विषय:- कर समायोजन सम्वन्धमा ।

अत्यन्त जरुरी

श्री आन्तरिक राजस्व विभाग,
लाजिम्पाट, काठमाडौं ।

महालेखापरीक्षकको कार्यालयबाट विभिन्न जिल्लास्थित मालपोत कार्यालयहरुको लेखापरीक्षण हुँदा कम्पनीहरुले निसर्ग गरेको घर जग्गा कारोवारको रकमको पूँजीगत लाभकर तिरे नतिरेको सम्बन्धमा यकिन गर्ने आधार नभएको र उक्त कारोवारको कम्पनीहरुको बिक्री खाता, आय विवरण तथा अनुसूचि १३ वमोजिमको रु. ५ लाखभन्दा बढी खरिद बिक्री खुलासा भएको प्रमाण सहित आयकर ऐन, २०५८ को अनुसूचि १ वमोजिम २५ प्रतिशतले कर दाखिला भएको प्रमाण सहितको आयकर समायोजन हिसाव भए पेश गर्ने अन्यथा निसर्ग रकमको १० प्रतिशतले हुने लाभकर छानविन गरी असुल गर्नुपर्ने भनि बेरुजु कायम भएका छन ।

उल्लेखित बेरुजुहरु फछ्र्यौट गर्ने सम्बन्धमा विभिन्न मालपोत कार्यालयहरुबाट सम्बन्धित कम्पनीहरुलाई पत्राचार हुँदा उक्त कम्पनीहरुबाट कर चुक्ताको प्रमाणपत्र पेश गरेको भएता पनि सो कर चुक्ताको प्रमाणबाट मात्र बेरुजु सं.प. नहुने र सोको लागि बेरुजु सम्परीक्षणको लागि समायोजन भएको घर जग्गा निसर्ग भएको कारोवारको रकमको पूँजीगत लाभकर असुल भएको भन्ने व्यहोराको पत्रबाट मात्र बेरुजु सं.प. गराउन सकिने भएकोले घर जग्गा निसर्ग भएको कारोवार रकममात्र उल्लेख गरी समायोजन पत्र पठाई दिने व्यवस्था हुनको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरुमा परिपत्र गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

बोधार्थ

श्री भूमिसुधार तथा व्यवस्थापन विभाग,
बबरमहल, काठमाडौं

विभिन्न जिल्लास्थित मालपोत कार्यालयहरुबाट विभिन्न कम्पनीको घर जग्गा कारोवार हुँदा निसर्ग भएको कारोवारको र.नं., मिति र रकम समेत खुल्ने गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाई समायोजन पत्र लिने व्यवस्था गर्नु गराउनु हुन अनुरोध छ ।

(दीपक अधिकारी)
उप-सचिव (लेखा)